प्रकाशनः 2025 साल 6 महिना/समर अंक

# नाकानो वडा विदेशी परामर्श काउन्टर सूचना पत्रिका

## नाकानो वडा कार्यालयको विदेशी परामर्श काउन्टरको बारेमा थाहा छ ?

निम्न परामर्शहरू गर्न सकिन्छ ।
•वडा कार्यालयबाट चिठीपत्र आएको छ यसमा के लेखिएको होला ?
•निःशुल्क जापानी भाषा पढ्न पाईने ठाउँ कहाँ छ होला ?
•बच्चा पनि साथमै जापान लिएर आएँ, उसलाई जापानी स्कुलमा भर्ना गर्न सकिन्छ ? आदि
दैनिक जीवनमा आईपरेका विविध समस्याहरूको बारेमा निर्धक्क भएर परामर्श गर्नुहोस् । आवश्यकता अनुसार वडा कार्यालयको सम्वन्धित विभाग अथवा अन्य संस्थाहरूको जानकारी पनि दिइनेछ ।

## नाकानो वडा विदेशी परामर्श काउन्टर

**समय** कार्यालय खुल्ने दिन
बिहान 10 बजेदेखि 12 बजेसम्म
दिउँसो 13 बजेदेखि 17 बजेसम्म
※ शनि, आइत, सार्वजनिक बिदा र वर्षको अन्त्य तथा नयाँ वर्षको बिदा 12 महिनाको 29 देखि 1 महिनाको 3 सम्म बिदा

**डेस्क परामर्श** नाकानो वडा कार्यालयको 4 तला नागरिक सेवा विभाग

**टेलिफोन परामर्श** 03-3228-8929 (सीधा सम्पर्क)

**भाषा** अंग्रेजी, चिनिया, जापानी भाषा
※ भाषा अनुवाद गर्ने ट्यावलेटमार्फत 30 वटा भाषाहरूमा परामर्श गर्न सकिनेछ ।

## विदेशीका लागि नाकानिवा बैठक

महिनामा एक पटक कार्यालयको पहिलो तलामा विदेशी नागरिकहरूका लागि परामर्श कार्यक्रम आयोजना गरिन्छ । त्यहाँ विदेशी नागरिकको निवास अनुमति र जापानी नागरिकतासँग सम्बन्धित विशेषज्ञसँग परामर्श लिन सकिने दिन पनि हुन्छ ।

**समय** बिहान 10 बजेदेखि 12 बजेसम्म
दिउँसो 13 बजेदेखि 16 बजेसम्म
6 महिना 17 (मंगल), 7 महिना 15 (मंगल)
8 महिना 19 (मंगल), 9 महिना 16 (मंगल)

**स्थान** नाकानो वडा कार्यालय 1 तला (नाकानिवा)

## 【जापानी संस्कृतिको परिचय】



### तानाबाता

तानाबाता चीनबाट आएको एक पर्व हो । यो चाड 7 महिनाको 7 तारिकमा मनाइन्छ । पुरातन कथन अनुसार आकाशका देवताको छोरी ओरिहिमे(धागो बुन्ने राजकुमारी) एक जना गाई चराउने गोठालो हिकोबोशीसँग प्रेममा परिन् । प्रेममा परेपछि उनीहरूले काम गर्न छाडे । उनीहरूसँग देवता रिसाए र तिनीहरूलाई आकाशगंगाद्वारा छुट्याइदिए । तर देवताले वर्षमा एकपटक 7 महिनाको 7 तारिकमा मात्र भेट्न दिने व्यवस्था गरे भन्ने किंवदन्ती छ ।

तानाबाताको दिन बाँसका पातहरूमा रंगीबिरंगी कागजबाट बनेका सजावटहरू झुन्ड्याइन्छ। त्यस्तै, रङ्गीन कागजलाई लामो र पातलो पारेर बनाइने "तान्जाकु" (छोटो कागजी पट्टी)मा आफ्ना इच्छाहरू लेखेर बाँसमा झुन्ड्याइन्छ । हालैका दिनहरूमा तानाबाता नजिकिँदै गर्दा रेल स्टेशन तथा सपिङ्ग मलहरूमा ठूला बाँस सजाइएको देखिन्छ । जहाँ जो–कोहीले पनि आफ्नो चाहना तान्जाकुमा लेखेर झुन्ड्याउन सक्छन् ।

「स्वतन्त्र प्रशासनिक निगम जापान फाउण्डेसन जापानी भाषा अन्तर्राष्ट्रिय प्रतिष्ठान」

## जापानमा बसोवास गर्न शुरू गरेपछि

### 『 विदेशी नागरिकका लागि नाकानो क्षेत्रको जीवन मार्गदर्शन पुस्तिका 』




जापानमा बसोबास गरिरहेको ठेगाना वडा कार्यालयमा दर्ता गरी आवश्यक प्रक्रिया पूरा गर्नुपर्छ ।

त्यस्तै, फोहोर फाल्ने तरिका लगायत दैनिक जीवनसँग सम्बन्धित नियमहरू पनि निर्धारण गरिएका हुन्छन् ।

नाकानो वार्डको विदेशी परामर्श काउन्टरमा तपाईंलाई जापान बसाइको क्रममा दैनिक जीवनमा आईपरेका समस्याबारे सोधपुछ गरिन्छ । कुनै पनि कुरा नहिचकिचाई सजिलैसँग सल्लाह लिनुहोस् ।

**विदेशी नागरिकका लागि नाकानो क्षेत्रको जीवन मार्गदर्शन पुस्तिका ▶**

## जापानी भाषा पढ्न चाहने व्यक्तिहरू

### 『 इरोदोरी-जीवनशैलीसँग सम्बन्धित जापानी भाषा 』




यो जापानमा बसोबास र काम गर्दा आवश्यक पर्ने आधारभूत जापानी भाषाको कुराकानी गर्ने क्षमता विकासको लागि तयार पारिएको शिक्षण सामग्री हो ।

- 20 भन्दा धेरै भाषाहरूमा तयार गरिएको शिक्षण सामग्री उपलब्ध छन् ।
- जापानको दैनिकीसँग सम्बन्धित अति आवश्यक विविध विषयहरू यसमा समेटिएका छन् ।
- वेबसाइटबाट निःशुल्क डाउनलोड गर्न सकिन्छ ।
- अनलाइनमा इच्छा लागेको समयमा पढ्न सकिन्छ ।

**निःशुल्क डाउनलोड ▶**

## विदेशी विद्यार्थीहरूको रोजगारी र स्कुल भर्ना

### विदेशीहरूका लागि रोजगारी र अध्ययन EXPO 2025

**समय** 2025 साल 6 महिना 26 (बिही)
विहान 12 बजेदेखि 16:30 बजेसम्म
2025 साल 6 महिना 27 (शुक्र)
विहान 10 बजेदेखि 16:30 बजेसम्म

**स्थान** टोकियो महानगरीय उद्योग तथा व्यापार केन्द्र हामामाचुच्योउ भवनको 3 तला
(टोकियो मिनातो कु, खाईगान 1-7-1)

**विदेशीहरूको लागि रोजगारी र अध्ययन EXPO 2025 ▶**

## चिकित्सा जानकारी

### विदेशी बिरामीहरूको लागि चिकित्सा उपचार

टोकियो महानगरमा स्वास्थ्य सम्बन्धी जानकारी आदिको लागि टेलिफोनमार्फत सेवा दिइँदैछ । यस सेवामा अंग्रेजी, चिनियाँ, कोरियन, थाइ र स्पेनी भाषामा सहायता उपलब्ध छ ।

**समय** बिहान 9 बजेदेखि 20 बजेसम्म (365 दिन)

**टेलिफोन** 03-5285-8181

### स्वास्थ्य जानकारी सन्जाल (नावी)

उपलब्ध विदेशी भाषाहरूको आधारमा तपाईंले जापानभरीका स्वास्थ्य संस्थाहरूको खोज गर्न सक्नुहुन्छ ।

**स्वास्थ्य जानकारी सन्जाल (नावी) ▶**

प्रकाशक : नाकानो कु, नागरिक मामिला विभाग, नागरिक सेवा शाखा, नागरिक परामर्श इकाई
विदेशी परामर्श काउन्टर 03(3228)8929(सीधा सम्पर्क)
〒164-8501 नाकानो कु, नाकानो 4-11-19 नाकानो वडा कार्यालयको 4 तला
वर्षमा 4 पटक ( 6 महिना, 9 महिना, 12 महिना, 3 महिना) जापानी, अंग्रेजी, चिनियाँ र नेपाली भाषामा प्रकाशित गरिनेछ ।